दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३१७ | बुटवल | २०८१ मंसिर ०९, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Nov.24, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ‘एसपीपी सम्झौता गर्ने, बीआरआई नगर्ने षड्यन्त्र’



बुटवल । नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले प्रधानमन्त्री केपी शर्मा ओलीको काम सरकार ढल्दैन भन्नेबाहेकको अरु केही नभएको टिप्पणी गरेका छन् ।

पार्टी पुनर्गठन दिवसको अवसरमा काठमाडौंमा आयोजित जनसभालाई सम्बोधन गर्दै उनले सरकारले जनताप्रति उत्तरदायी काम गर्न नसकेको बताए । उनले भने-‘हिजो प्रचण्डजी प्रधानमन्त्री हुनुहुन्थ्यो, उहाँ दिनदिनै यो सरकार ढल्दैन भन्नुहुन्थ्यो । अहिले केपीजी प्रधानमन्त्री हुनुहुन्छ । उहाँ पनि अहिले यो सरकार ढल्दैन भनेर भनिराख्नुभएको छ । उहाँको काम नै त्यहीमात्रै छ । जनतालाई लागेको छ, यो राति १२ बजे ढल्नसक्छ । बिहानै उछिटिनसक्छ अथवा देशमा भ्रष्टाचारीहरुले कब्जा गर्नसक्छन्, यो लागिरहेको छ ।’

उनले अहिले एमसीसीपछि एसपीपी सम्झौता गर्ने षड्यन्त्र भइरहेको बताए । महासचिव विप्लवले भने-‘एसपीपी सम्झौता गर्ने षड्यन्त्र गर्ने अनि चीनले अघि सारेको बीआरआई परियोजना चाहिँ ल्याउन दिनुहुँदैन भन्ने, जसरी पनि रोक्नुपर्छ, ऋणको पासो हो भनेर भ्रम छर्ने, अनि विदेशी सेना ल्याउने सम्झौता चाहिँ जसरी पनि पास गर्ने खेल चलिरहेको छ ।’

उनले सरकार बनाउने र ढलाउने विदेशी हुन् भन्ने नेताहरुले जनतालाई धोखा दिइरहेको बताए । विप्लवले नेपालमा भ्रष्टाचारको महारोग कोरोना भाइरस जस्तै फैलिएको बताएका छन् ।

विप्लवले वडादेखि केन्द्रसम्म भ्रष्टाचार बढ्दै गएको बनाएका हुन् । उनले पुराना पार्टीले एक अर्कालाई भ्रष्टाचारीको आरोप लगाउने र आफू भ्रष्टाचारी नभएको प्रष्टीकरण मात्रै दिने गरेको आरोप लगाए ।

‘नेपालमा भ्रष्टाचारको महारोग कोरोना भाइरस जस्तै फैलिएको छ । पुराना पार्टी एकले अर्कालाई भ्रष्टाचारीको आरोप लगाएका छन् । म भ्रष्टाचारी होइन । मैले विदेशमा पैसा लुकाएको छैन जस्ता प्रष्टिकरणमात्रै दिएको देखिन्छ । म अन्यायमा परेको मात्रै सुनिन्छ । भ्रष्टाचारको ठूलो आतंक छ । माथिबाट बजेट जान्छ सबै बाँडेर खान्छन् । वडादेखि केन्द्रसम्म भ्रष्टाचार बढ्दै गएको छ ।’- उनले भने ।

वर्षैंपिच्छे सरकार बनेको भन्दै उनले वर्तमान ओली सरकार पनि कति दिन टिक्ने हो भन्ने आशङ्का गरे ।

## धरहरा चढ्न दुई सय शुल्क



काठमाडौं । सरकारले धरहरा चढ्नका लागि प्रतिव्यक्ति दुई सय रुपैयाँ शुल्क तोकेको छ । विद्यार्थी, ज्येष्ठ नागरिक बालबालिका अपाङ्गता भएका व्यक्तिलाई भने सो रकममा ५० प्रतिशत सहुलियत हुने शहरी विकास मन्त्रालयले जनाएको छ ।

यसअघि परीक्षणका रूपमा निःशुल्क धरहरा खुला गरिएको थियो । अब धरहरा व्यवस्थित रूपमा सशुल्क सञ्चालन गर्न लागिएको हो । विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम धरहरा सञ्चालन नहुँदासम्म अन्तरिम रूपमा हाललाई शुल्क लिई २०८१ मङ्सिर ९ गतेदेखि धरहरा सञ्चालन गर्न बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृति दिँदै शुल्क पनि मन्त्रिपरिषद्ले नै स्वीकृत गरेको छ ।

शहरी विकास मन्त्रालयले गरेको प्रस्तावअनुसार प्रतिव्यक्ति दुई सय रुपैयाँ शुल्क तोकिएको छ भने सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति ५ सय र सार्कबाहेक राष्ट्रलाई प्रतिव्यक्ति एक हजार रुपैयाँ शुल्क तोकिएको छ । त्यस्तै धरहरामा पार्किङ गर्दा मन्त्रालयले चार पाङ्गेका लागि प्रतिघण्टा २० रुपैयाँ र दुई पाङ्गेलाई १० रुपैयाँ तोकेको छ । धरहरा परिसरमा प्रवेशका लागि भने ५० रुपैयाँ तोकिएको छ ।

त्यस्तै धरहरा स्तम्भमा राष्ट्रिय महत्त्वका विज्ञापन गर्न प्रतिघण्टा ५ हजार तोकिएको छ । त्यस्तै धरहरा परिसरमा व्यावसायिक भिडियो छायाँकन गर्न प्रतिघण्टा ५ हजार र फोटोग्राफीका लागि प्रतिघण्टा १ हजार रुपैयाँ तोकिएको छ ।

# अन्तर्राष्ट्रिय उडान नियमित र दीगो हुन्छ : मन्त्री पाण्डे

**विमानस्थलसँग सम्बन्धित श्रम, भिसा, मेडिकल, म्यानपावर कम्पनीलगायतका अत्यावश्यक कार्यालयहरु स्थापनाका लागि गत साउनमै निर्णय भएको बताउँदै मन्त्री पाण्डेले अब काठमाडौं फर्केर प्रधानमन्त्रीस्तरीय बैठक बसेर कार्यान्वयन गरिने बताए ।**

**लुम्बिनी संवाददाता**

*भैरहवा*

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानहरु नियमित र दीगोरुपमा सञ्चालनका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

सिद्धार्थ उद्योग वाणिज्य संघ रूपन्देहीद्वारा शनिबार भैरहवामा आयोजित विमानस्थलको दिगो सञ्चालनसम्बन्धी अन्तर्क्रियामा व्यवसायीहरूले अन्तर्राष्ट्रिय उडानहरु नियमित र दीगो सञ्चालनमा आशंका गरेपछि मन्त्री पाण्डेले अन्तर्राष्ट्रिय उडान नरोकिने प्रतिबद्धता जनाएका हुन् ।

नेपालकै मध्यभागमा रहेको र बुद्धजन्मस्थल लुम्बिनी समेत नजिकै रहेकाले गौतमबुद्ध विमानस्थल सञ्चालन हुँदा यात्रुलाई पनि सहज हुने भएकाले आशंका नगर्न मन्त्रीले आग्रह गरे । उनले विमानस्थल दिगो रूपमा सञ्चालन गर्न आफू महिनामा २ पटक भैरहवा आउने बताए । ‘महिनामा २ पटक विमानस्थलकै लागि भैरहवा आउनेछु,’ उनले भने-‘संस्कृति र पर्यटन जोडिएकाले भैरहवाबाटै आफ्नो मन्त्रालय चलाऔं भन्नेमा लागेको छु, मेची महाकालीको बिचमा रहेको ठाउँ, लुम्बिनी र पोखरा समेत नजिक भएकाले यो विमानस्थल चलाउने कुरा प्राथमिकतामा छ ।’

मन्त्री पाण्डेले बुद्ध जन्मस्थल लुम्बिनीलाई नै केन्द्रमा राखेर विमानस्थल सञ्चालन गरिएकाले भैरहवा अब पर्यटनको इपिसेन्टर बन्ने संज्ञा दिए । उनले विमानस्थलसँग सम्बन्धित श्रम, भिसा, मेडिकल, म्यानपावर कम्पनीलगायतका अत्यावश्यक कार्यालयहरु स्थापनाका लागि साउनमै निर्णय भएको बताउँदै मन्त्री पाण्डेले अब काठमाडौं फर्केर प्रधानमन्त्रीस्तरीय बैठक बसेर कार्यान्वयन गरिने बताए ।

गौतमबुद्ध विमानस्थलमा नियमित उडान गर्न र लुम्बिनी विकास कोषलाई सुधारका लागि आफू पर्यटनको इपिसेन्टर लुम्बिनीमा नियमित आउने बताए । अब हुन नसक्ने काम हुँदैन भनेर भन्ने संस्कार बनाउनुपर्ने समेत उनले बताए । ‘अहिले अन्तर्राष्ट्रिय उडान भएपछि तपाईंहरूले बधाई दिँदा म झस्किन्छु, किन भने ५ महिनापछि त्यो बधाई गालीमा परिणत हुन्छ भन्ने कुरा मैलै ख्याल गरेको छु ।’- मन्त्री पाण्डेले भने । उनले विमानस्थलसँग सम्बन्धित तत्काल गर्नुपर्ने काम र प्राविधिक तथा दीगो रुपमा गर्नुपर्ने कामहरुलाई सूचीबद्ध गरेर गर्ने समेत बताए । उनले भैरहवाको विमानस्थल सञ्चालन हुनेबित्तिकै पोखरा पनि चल्ने विश्वास दिलाए ।

लुम्बिनी विकास कोषका अध्यक्ष समेत रहेका मन्त्री पाण्डेले लुम्बिनी विकास कोषले द्रुतगतीमा काम गर्नुपर्ने सुझाव स्वीकार गर्दै आगामी दिनमा त्यसका कमीकमजोरी सुधार गरेर जाने बताए । उनले होटल, गुम्बा र स्थानीयहरूका बिचमा देखिएको विवादले काम गर्ने




वातावरण नबनेको बताउँदै त्यहाँको द्वन्द्वको मध्यस्थताका लागि निजी क्षेत्रलाई सहयोग गर्न आग्रह गरे ।

कार्यक्रममा संविधानसभा सदस्य तथा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे) ले विश्वका डेढ अर्ब बढी बुद्धमार्गीहरुको आस्थाको केन्द्रका रुपमा लुम्बिनी रहेकाले बुद्धिष्ट राष्ट्रहरुबाट नियमित उडान गर्न सके गौतमबुद्ध विमानस्थल चलायमान हुने बताए । उनले आफूले बुद्धिष्ट राष्ट्रका उच्च पदस्थहरुसँग भेटघाटमा विमान चलाउनका लागि आग्रह गरेको बताउँदै यसका लागि मन्त्रिपरिषद् र मन्त्री तहबाट पहल हुनुपर्नेमा जोड दिए । उपाध्यक्ष डा. लामाले लुम्बिनी विकास कोषमा आफू आएदेखि २१ वटा विभिन्न बौद्ध पूजाहरु भएकाले अब लुम्बिनीमा यस्ता गतिविधि बढाउनका लागि स्थानीय, होटल व्यवसायी र सबै पक्षलाई सहयोग गर्न आग्रह गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले सञ्चालन भएको एयरपोर्टलाई चलायमान बनाउन सक्दा पर्यटन प्रवर्द्धन हुने बताए । उनले निजी क्षेत्रले विमानस्थल चलाउनका लागि सहुलियत दिएर भए पनि दिगो सञ्चालनको वातावरण बनाउनुपर्ने बताए । उनले सरकारलाई श्रम समस्या, भिसा सेन्टर, स्वास्थ्य परीक्षणलगायतका कार्यालयहरू तुरून्त भैरहवामा स्थापना गर्न आग्रह गरे । ‘त्रिभुवन विमानस्थलको मर्मतको समयसम्म मात्रै चल्छ भन्ने मानसिकता त्यागौं, सबैले सकरात्मक रूपमा चलाउने वातावरण बनाऔं ।’-उनले भने ।

यस्तै कार्यक्रममा जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईंले रुपन्देहीका १६ वटै स्थानीय तहरुसँग समन्वय गरेर विमानस्थल दीगो सञ्चालनका लागि आवश्यक वातावरण बनाउन तयार रहेको बताए ।

बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डले विमानस्थल सञ्चालनका लागि निजी क्षेत्रले पनि योगदान गर्ने गरी यात्रुहरूलाई सहुलियत दिने कार्यक्रम ल्याउन जोड दिए । उनले सरकारसँगै निजी क्षेत्रले पनि विमानस्थलको दीगो सञ्चालनका लागि भूमिका बढाउन आग्रह गरे ।

» बाँकी ३ पेजमा

## बाढीले तीन करोड बढीको माछा बगायो



**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरमा असोज ११ र १२ गते आएको बाढीले नवलपुरको नारायणी नदी तटीय क्षेत्रमा रहेको माछा पोखरी ठूलो क्षति भएको पाइएको छ । कावासोती १५, १७, मध्यविन्दु ३, २ लगायतको क्षेत्रमा गरी तीन करोड बढीको माछा बगाएको छ ।

भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपुरका कार्यालय प्रमुख डा. शर्मिला कुमालले असोज ११ र १२ गतेको बाढीले नवलपुरका नारायणी नदी तटीय क्षेत्र नजिक माछा पोखरी बनाएर माछा पालन गरेका किसानहरुको माछा बगाउँदा ३ करोड बढीको क्षति भएको जानकारी दिइन ।

कावासोती १७ का परमेश्वर महतोले आफूले १ विगाहाको पोखरीमा ६० क्वीन्टल माछा बगाएको बताए । उनले दुई वर्षदेखि पालेर राखेको माछा बगाएको बताए ।

कावासोती १५ का वडाध्यक्ष तेजकुमार श्रेष्ठको ३ विगाहा पोखरीमा पालेको माछा ४० क्वीन्टल १५ लाख बराबरको क्षति भएको बताए ।

नारायणी नदीले बेला बेलामा माछा पालक व्यवसायीहरुलाई नाफा भए पनि कहिले काही बाढी आएर ठूलो क्षति हुने गरेको छ । कतिपय माछा पालक किसानहरुले माछाको बिमा गरेको भए पनि कति पयले बिमा गरेका छैनन् । बिमा गरेका नगरेका सबैलाई धेरै थोरै राहत दिनुपर्ने नवलपुर मत्स्य व्यवसायी संघका अध्यक्ष इन्द्रमणी भुसालले बताए ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## बिथोलिएको पर्यावरणीय सन्तुलन

पर्यावरणीय सन्तुलनलाई ध्यान नदिँदा हामी बिथोलिएका छौं । हाम्रो जीवन बिथोलिएको छ । जीवनशैलीमा आएको परिवर्तन पर्यावरण अनुकुल बनाउनुको साटो दोहनको श्रृखंलालाई निरन्तरता दिएका छौं, जसले संभावित जोखिमको चाङ बढाएको छ ।

प्रकृतिले हामीलाई धेरै दियो, नदीनाला, वनजंगल, वन्यजन्तु, चराचुरुङ्गीलगायत प्रकृतिले दिएका अमूल्य वस्तु र जीवजन्तुकै कारण मानव जीवन चलेको हो । हामीले सकेसम्म प्रकृतिले दिएका वस्तुको अधिकतम उपयोग गर्दै हाम्रो जीवनलाई सरल र समुन्नत बनाउन कोशिश गर्दैछौं, तर प्रकृतिको दोहनले जीवन तत्काललाई सरल र सुविधासम्पन्न हुनसक्छ, त्यसले पार्ने प्रभाव बहुआयामिक र गम्भीर हुन्छन् भन्ने हेक्का पटक्कै छैन ।

नदीखोलाबाटै मानव सभ्यताको विकास भयो । अहिले नदी खोलालाई हामीले मृत बनाउन थालेका छौं । नदी खोलामा पानी मात्रै बग्दैन् । त्यो त असंख्य माछासहित धेरै जलचरको बासस्थान हो । चराचुरुङ्गीको आश्रयस्थल हो । नदी खोलामा पाइने जीवले नै हो पानीलाई सफा पार्ने, तर अहिले अरु जीव बाँच्न नै नसक्ने गरी फोहर बनाउन थालेका छौं । जब नदी फोहर भयो, हामी नै संकटमा पर्‍यौं । बागमती फोहर हुँदा बागमती नदी मात्रै फोहर भएन्, काठमाडौंको जनजीवन नै अस्तव्यस्त भयो । तिनाउ नदी फोहर बन्दा बुटवलको सुन्दरता नै गुमेको छ । दोहनले तिनाउ वर्षेनी गहिँरिदा जोखिम बढेको छ ।

वनमा बहुजाति बिरुवा लगाउनुपर्नेमा एकै प्रकारको बिरुवा रोप्दा वनजंगलमा कतिपय वन्यजन्तु बाँच्नै नसक्ने अवस्था आएको छ । उनीहरु आहारा खोज्दै मानवबस्तीतिर आउन थालेका छन् । सडक निर्माण भइरहेको छ, तर सडक बनाउँदा आउने संभावित जोखिमलाई पटक्कै हेक्का राखेनौं । अहिले पहाडमा बनेका सडकले बस्तीको उठिवास लागेको छ । गएको असोज ११ र १२ गतेको वर्षा पछिको बाढी र पहिरोबाट भएको क्षतिको प्रमुख कारण मानव श्रृजित क्रियाकलाप नै देखिए । रोशीको माथिल्लो क्षेत्रमा मनपरी क्रसर उद्योग चलाउन दिँदा नै बाढीले ठूलो क्षति गर्‍यो । नख्खुखोलाले गरेको क्षति पनि क्रसर उद्योगले मनपरी उत्खनन् गरेको माटो व्यवस्थापन नहुँदा भएको हो ।

पर्यावरणीय सन्तुलन कायम गर्ने हामीले नै हो । हामीले गर्ने विकास पूर्वाधारका काम कतै प्रकृतिमैत्री छन् कि छैनन् भन्ने छलफल हुनुपर्छ । विकास पूर्वाधार निर्माण गर्दा प्रकृतिको दोहन व्यवस्थित तरिकाले हुनुपर्छ भन्ने हेक्का हुनुपर्छ । राज्यसंयन्त्रलाई वातावरणमैत्री विकासका लागि दिशानिर्देश गर्ने अवसर हाम्रा सामु आएको छ । अहिलेसम्म भोगेका दुःख र कष्टबाट सिकेको ज्ञानलाई अवसरको रुपमा लिदै संभावित जोखिमबाट बचौं ।

# उपचारको पर्खाइमा गोरखाली रबर उद्योग



काशीनाथ गौतम

*देशमा ०६२ ०६३ को जनआन्दोलन भयो, देशमा लोकतन्त्र गणतन्त्र आयो, त्यसपश्चात् राजनीतिक दल हाबी हुँदै गए, उनीहरुका विभिन्न नाममा भातृ संगठन खण्डा हुँदै गए, तब उद्योगको अधोगती सुरु भएको थियो । उद्योगमा उत्पादनभन्दा राजनीति बढी हुन थाल्यौं, उद्योगभित्र विस्तारै राजनीतिक दलका भातृमजुदर संगठन एकपछि अर्को गर्दै बिस्तार हुँदै गए, त्यसपश्चात् उद्योगमा बन्द, हड्तालगायत सुरु भएको थियो । फलस्वरुप एउटा उद्योगको २०७२ सालमा आइपुग्दा पूर्णरुपमा अवसान भयो । उद्योग बन्द भएको दश वर्ष भयो दुई/तीन जना बन्द उद्योगको सुरक्षाको लागि कर्मचारी राखिएको छ, बन्द उद्योग सञ्चालनमा नआउँदा राज्यले करोडौं नोक्सान ब्योहोरी रहेको छ । प्रत्येक दिन व्यापार घाटा चुलिंदै गएको छ । अर्कोतर्फ देशमा बेरोजगारी चरम रुपमा चुलिंदै गएको छ । यस्तो अवस्थामा भएका उद्योगहरु विभिन्न बाहाना र समस्या देखाएर बन्द गराइएको छ ।*




बाहिरबाट झट्ट हेर्दा सञ्चालनमा रहेको जस्तो देखिने गोरखकाली रबर उद्योग अहिले बन्द अवस्थामा छ । नेपालीमा एउटा भनाइ छ-'न्याय नपाए गोरखा जानु' ठयाक्कै भने जस्तै गोरखामा पनि रबर उद्योग न्यायको भिख मागिरहेको छ । अहिले गोरखकाली रबर उद्योग गोरखा जिल्लामा रहेको देशकै ठूलो एउटा रबर उद्योग बन्द अवस्थामा रहेको छ । बाहिरबाट हेर्दा सञ्चालनमा रहेको जस्तो देखिए पनि भित्र उद्योगको अवस्था कहालिलाग्दो छ, उद्योगको गेट अगाडि विभिन्न पार्टीका भातृ संगठनहरुका ब्यानरहरु टाँसिएका छन् । २०४२ सालमा राजा त्रिभुवन वीरविक्रम शाहले शिलान्यास गरेको गोरखकाली रबर उद्योग २०५० सालबाट पूर्णरुपमा सञ्चालनमा आएको थियो ।

गुणस्तरीय टायर उत्पादन गरी आफ्नै देश आत्मनिर्भर हुँदै सुरुवाती समयमा उद्योगले राम्रो व्यवसाय विस्तार गरेको थियो । उद्योगले नेपालमा मात्र नभएर भारत, बगंलादेश, भुटानलगायत धेरै देशमा निर्यात गरेको बताइन्छ । आज गोलिस्टार नेपाली जुत्ताले विश्वमाज चिनिएको छ । त्यसैगरी गोरखकाली रबर टायरले विश्वमा आफ्नो छुट्टै पहिचान बनाइ सकेको थियो । त्यती बेलाको समयमा उद्योगमा मात्र चार सय कर्मचारी कार्यरत थिए । छ सय रोपनी क्षेत्रफलमा फैलिएको उद्योग झाडीमा परिणत भएको छ । भएको मेसिनहरु खिया लागेका छन् । कच्चा पदार्थ यत्रतत्र छरिएर रहेका छन् ।

देशमा ०६२ ०६३ को जनआन्दोलन भयो देशमा लोकतन्त्र गणतन्त्र आयो, त्यसपश्चात् राजनीतिक दल हाबी हुँदै गए, उनीहरुका विभिन्न नाममा भातृ संगठन खण्डा हुँदै गए, तब उद्योगको अधोगती सुरु भएको थियो । उद्योगमा उत्पादनभन्दा राजनीति बढी हुन थाल्यौं, उद्योगभित्र विस्तारै राजनीतिक दलका भातृमजुदर संगठन एकपछि अर्को गर्दै बिस्तार हुँदै गए, त्यसपश्चात् उद्योगमा बन्द, हड्तालगायत सुरु भएको थियो । फलस्वरुप एउटा उद्योगको २०७२ सालमा आइपुग्दा पूर्णरुपमा अवसान भयो । उद्योग बन्द भएको दश वर्ष भयो दुई/तीन जना बन्द उद्योगको सुरक्षाको लागि कर्मचारी राखिएको छ, बन्द उद्योग सञ्चालनमा नआउँदा राज्यले करोडौं नोक्सान ब्योहोरी रहेको छ । प्रत्येक दिन व्यापार घाटा चुलिंदै गएको छ । अर्कोतर्फ देशमा बेरोजगारी चरम रुपमा चुलिंदै गएको छ । यस्तो अवस्थामा भएका उद्योगहरु विभिन्न बाहाना र समस्या देखाएर बन्द गराइएको छ ।

अहिले देशमा तीन तहका सरकार छन्, तर कुनै पनि सरकारले बन्द भएका उद्योग खोल्न कुनै अग्रसर देखाएको पाइदैन । आखिर बन्द भएका उद्योगहरु कस्ले सञ्चालन गर्ने ? र कहिले सञ्चालन गर्ने ? जनताले प्रश्न गरिरहेका छन् । घर अगाडिको उद्योग बन्द हुँदा यहाँका अधिकांश युवा अहिले वैदेशिक रोजगारीमा छन् । कसैले आएर कम्पनी कसरी बन्द भयो भनेर सोध्यो भने स्थानीयले खै भन्छन् र यिनै राजनीतिकदलको कारणले त होलानी भन्छन् । रोजगारी दिन्छौं, बन्द उद्योग सञ्चालन गर्छौं, हामीलाई भोट दिनुहोस् भन्दै जितेर गएका सांसद उद्योग सञ्चालन गर्न त के गाउँ समेत फर्केर आउँदैनन् । यिनीहरुबाट देश समृद्धि हुन्छ भनेर हामी जनताले के आशा गर्नु । गोरखा जिल्ला आफैंमा एउटा यस्तो जिल्ला हो जसको आफ्नै इतिहास छ । जसलाई पृथ्वीनारायण शाहको जिल्ला भनेर पनि चिन्ने गरिन्छ ।

पृथ्वीनारायण शाहको बारेमा यहाँ लेखि रहनुपर्ला जस्तो लाग्दैन, थाहा नभएको सायद नहोला । जसले पृथ्वीनारायण शाहको योगदानको कदर गर्दैन उसले यो देशलाई माया गर्छ जस्तो लाग्दैन । चार वर्ण छत्तीस जात मिलेर बनेको सुन्दर देश त्यहीँभित्रको आफ्नै छुट्टै अस्तित्व बोकेको छ । यो देशको त्यही विरासत बोकेको जिल्लामा वर्षेनी विभिन्न जिल्लाबाट भ्रमण गर्ने पर्यटक विद्यार्थी आउने गर्छन्, गोरखा पृथ्वीनारायण शाहको दरबार नपुग्दै गोरखा जिल्ला छिर्न लाग्दा गेटबाट पाँच सय मिटरभित्र सडकको छेउमा गोरखकाली उद्योग देखेपछि गर्वले छाति ठुलो हुन्छ, जब बन्द भएको देख्छन् सुन्छन् तब मन खिन्न बनाउँछन् र अब योभन्दा माथि के हेर्न जानु, अब वर्तमान यो उद्योगको अवस्था हेरेर गर्व गर्ने कि पृथ्वीनारायण शाहले गरेको योगदान सम्झेर गर्व गर्ने । देशमा गर्व गर्ने लाएको त्यस्तो ठाउँ छैन । जहाँ हेर्‍यौ त्यही राजनीति छ । एकपछि अर्को गर्दै उद्योगहरु बन्द हुँदै गएका छन् । सञ्चालनमा रहेका कति उद्योग घाटामा सञ्चालनमा छन् । कति बेला ति उद्योग पनि बन्द हुनेहुन थाहा छैन । सरकार छ, तर कहाँ छ ? के गर्दै छ ? जनताले थाहा पाउन सकेका छैनन् । जनता भूमरीमा छन्, के गर्ने के नगर्ने ।

गाउँघर युवाविहीन हुँदै गएका छन् । गाउँमा बा, आमा बिरामी हुँदा अस्पाताल लैजाने युवा छैनन् । मृत्यु भैहाले घाट लैजाने युवा छैनन् । हिंड्ने जस्तो बाटो छैन, उड्ने जस्तो आकाश छैन । तर पनि काठमाडौं सरकार भनिरहेको छ-'सबै ठीकठाक चलिरहेको छ ।' रोजगारी माग्न गयो रोजगारी छैन, उद्योगहरु बन्द छन् । उपचार माग्न गयो अस्पतालमा डाक्टर, नर्स, औषधि छैन, तर समाचार आइरहेको छ-सबै ठीक छ । ठीक तिनीहरुलाई मात्र छ जो राजनीतिक दलका कार्यकर्ता भएर झण्डा बोकेका छन्, जसले सत्तामा बसेर राज्यको सम्पती दोहन गरेका छन्, उनीहरुलाई यो देश स्वर्ग जस्तै छ, बाँकी जनता नारकीय जीवन बाँच्न बाध्य छन्, भएको युवाहरु विदेशीन बाध्य छन् ।

राजनीतिक दलको अराजकता, भ्रष्टाचार, अन्याय सहेर कहिलेसम्म बस्ने । आफू अन्यायमा परेको उजुरी लिएर प्रहरीकोमा गयो भने उनैले बढुवा गरेका प्रहरी छन्, उजुरी लिंदैन्, विभिन्न बहाना गरेर पीडितलाई उल्टै पीडा थपिदिने काम गर्छ । अदालतमा गयो जताततै कालाकोटे वकिलहरु छन्, उनीहरुलाई राजनीतिक दलका कार्यकर्ताभन्दा फरक नपर्ला, न्यायालयभित्र उनै राजनीतिक दलले नियुक्ती गरेका न्यायाधीदशहरु छन् । कहिकतैबाट जनता युवाहरुले न्याय पाउँदैन, न्याय नपाएको झोकमा ठूलो स्वरमा सामाजिक सञ्जालमा चिच्याउँछ, तब सरकारले प्रहरी लगाएर खोरमा जाकिदिन्छ, अनि कसरी बोल्छ ? एउटा युवा जब देशभित्र न्याय पाइदैन् तब एउटा युवा पासपोर्ट बनाएर देश छोड्ने निर्णयमा पुग्छन् । भविष्यमा देश हाक्ने युवाहरु बुढा भएको बा, आमालाई छाडेर विदेशीन बाध्य छन्, यता देश दिन प्रतीदिन युवाविहीन हुँदैछ, अब कसले चलाउने ति बन्द भएका उद्योगहरुलाई ? कसले न्याय दिने अन्यायमा परेका जनताहरुलाई ? आउनुहोस् एक पटक अन्यायको विरुद्ध न्यायको लागि सबै मिलेर चिच्याउँ हामीलाई न्याय देउँ, बन्द भएका उद्योगहरु सञ्चालन गर, हामीलाई यही देशमा बाँच्न देउ, रोजगारी देउ ।

# राष्ट्रिय प्रणालीमा जोडियो साञ्जेन जलविद्युत् आयोजनाको बिजुली

काठमाडौं । चिलिमेको सहायक कम्पनी साञ्जेन जलविद्युत् कम्पनी लिमिटेडले निर्माण गरेको साञ्जेन जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा जोडिएको छ । शुक्रबार साँझ उक्त आयोजनाको पहिलो युनिटबाट उत्पादित बिजुली राष्ट्रिय प्रणालीमा जोडिएको हो ।

रसुवाको आमाछोदिङ्मो-५ मा निर्माण भएको सो आयोजनाको क्षमता ४२ दशमलव पाँच मेगावाट रहेको छ । सबै प्राविधिक परीक्षण सम्पन्न भई पहिलो युनिटबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको आयोजनाका सब इञ्जिनियर रबिन कोइरालाले जानकारी दिए । उनका अनुसार शुक्रबार एक युनिटबाट पाँच मेगावाट बिजुली उत्पादन भएको छ ।

सो आयोजनाको बाँकी रहेको दुई युनिटको पनि आइतबारसम्म परीक्षण गरेर केन्द्रीय प्रणालीमा जोडिने तयारी गरिएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्पणबहादुर सिंहले जानकारी दिए । 'क्यास्केड मोडल' मा निर्माण गरिएका अर्धजलाशय प्रकृतिको दुई आयोजनामध्ये साञ्जेन (माथिल्लो) जलविद्युत् आयोजना २०८० भदौ मसान्तमा सम्पन्न गरी विसं २०८० असोज २१ गतेदेखि राष्ट्रिय प्रणालीमा बिजुली उपलब्ध गराउँदै आएको थियो ।

कुल ११ केभी क्षमताको आपत्कालीन प्रसारण लाइनमार्फत् व्यापारीक रुपमा बिजुली प्रवाह गरिरहेको छ । सो आयोजनाको विद्युत् प्रवाहका लागि कम्पनी आफैँले आठ किलोमिटर ११ केभी डबल सर्किट प्रसारणलाइन तथा १३२/११ केभी सबस्टेसन निर्माण कार्य सम्पन्न गरेको थियो ।

चिलिमे त्रिशूली ६६ केभी प्रसारण लाइनमार्फत् क्षमताको सीमितताका कारण करिब आठ दशमलव पाँच मेगावाट विद्युत् वैकल्पिक रुपमा बिक्री गरी हालसम्म करिब रु ३० करोड आम्दानी गरिसकेको छ ।

साञ्जेन तथा साञ्जेन (माथिल्लो) दुवै आयोजना २०७२ सालको भूकम्प, कोभिड-१९, नाकाबन्दी, राष्ट्रिय प्रसारण लाइन उपलब्ध नहुनुलगायत कारणले निर्धारित समयमा सम्पन्न हुन सकेको थिएन । हालै चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारण लाइन सम्पन्न हुने बित्तिकै ती आयोजनाबाट विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्न सफल भएको कम्पनीले जनाएको छ ।

नेपालमा निर्माणाधीन अर्धजलाशययुक्त आयोजनामध्ये नमूना आयोजना रहेको कम्पनीले जनाएको छ । साञ्जेन माथिल्लो जलविद्युत् आयोजनाको बाँधस्थलमा करिब ४४ हजार घनमिटर क्षमताको पानी जम्मा गरी राष्ट्रिय विद्युत् प्रणालीलाई ७० मिनेट सहज गर्न सकिने 'पिकिङ पोखरी' निर्माण गरिएको छ ।

उक्त पोखरीको पानी सञ्चय गरी साँझको समयमा थप बिजुली उत्पादन गरी राष्ट्रिय विद्युत् प्रणालीमा उल्लेखनीय योगदान गर्न सकिने आयोजनाका प्रमुख कार्यकारी अधिकृत सिंहले जानकारी दिए । उक्त पिकिङ पोखरीका कारण आयोजना मर्मतसम्भार गर्न र 'इमर्जेन्सी ब्रेकडाउन'मा समेत पावरहाउस सञ्चालन गर्न सकिने उनको भनाइ छ ।

नेपालमा भएका क्यासकेड आयोजनामध्ये विशेष प्रविधि जडान गरी साञ्जेन माथिल्लो आयोजना मर्मतसम्भार गर्दा पनि तल्लो आयोजना निरन्तर विद्युत् उत्पादन गर्न सकिने नेपालकै पहिलो आयोजना रहेको कम्पनीका सचिव घनश्याम श्रेष्ठले बताए ।

नेपालमा नमूना प्रविधिका रुपमा पहिलोपटक जडान गरिएको उक्त प्रविधि आगामी दिनमा अन्य क्यासकेड आयोजनाले जडान गरी क्यासकेडको तल्लो आयोजना माथिल्लो आयोजनामा रहने निर्भरता कम गर्न सकिने उनले बताए ।

जर्मनीमा निर्माण भएको एक प्रकारको अत्याधुनिक प्रविधिको उपकरणका कारण कम्पनीलाई आयोजना मर्मतसम्भार समयका कारण हुने क्षति रोकी आर्थिक रुपमा ठूलो राहत दिने सकिने श्रेष्ठले जनाए । सोही विशेषताका कारण काठमाडौं विश्वविद्यालयले उक्त आयोजनाको नमूना आफ्नो प्रयोगशालामा समेत सञ्चालन गरेको छ ।

हाल नेपालमा विकास गरिएका क्यास्केड आयोजनामध्ये यो नमूना आयोजना रहेकाले जलविद्युत् विकास, नवीकरणीय ऊर्जा, हाइड्रोलोजी, दिगो विकास लगायतका विषयमा अध्ययनरत विद्यार्थीको प्रयोगात्मक अध्ययन-अनुसन्धानका लागिसमेत उपयोग गर्न सकिने कम्पनी सचिव श्रेष्ठको भनाइ छ ।

साञ्जेन (माथिल्लो) जलविद्युत् आयोजनको सिभिल निर्माण कार्य इसिआई बर्जगुरु, इलेक्ट्रोमेकानिकल निर्माण कार्य विश्वकै ठूलो टर्वाइन निर्माणकर्तामध्ये एक चिनियाँ कम्पनी डोङफोङले गरेको हो भने हाइड्रो मेकानिकल निर्माण स्वदेशी कम्पनी नेपाल हाइड्रोले गरेको हो ।

कम्पनीले निर्माणाधिन ४२ दशमलव पाँच मेगावाट क्षमताको साञ्जेन जलविद्युत् आयोजनाको समेत सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी परीक्षण उत्पादन सुरु गरेको हो । यसबाट हिउँद महिनामा हुने प्रणालीको असन्तुलन केही हदसम्म समाधान गर्न मद्दत पुग्ने विश्वास लिइएको छ ।

# इन्भेष्टमेन्ट कम्पनीको शेयर कारोबारसम्बन्धी नयाँ प्रावधान




काठमाडौं । गैरआवासीय नेपालीको संयुक्त लगानीमा स्थापित इन्भेष्टमेन्ट कम्पनीको शेयर कारोबारसम्बन्धी नयाँ व्यवस्था गरिएको छ । धितोपत्र बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डका प्रवक्ता डा.नवराज अधिकारीका अनुसार, इन्भेष्टमेन्ट कम्पनीको शेयरमा गैरआवासीय नेपालीले लगानी गर्नसक्ने र त्यस्तो शेयर दोस्रो बजारमा पनि उनीहरुले मात्रै खरिद बिक्री गर्न पाउने छन् ।

बोर्डले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा आठौं संशोधन गर्दै त्यसप्रकारको प्रबन्ध गरेको हो ।

गैरआवासीय नेपालीले नेपालका बैंक तथा वित्तीय संस्थामा खाता खोल्न सक्नेछन् । सोही खातामा आस्वा प्रणालीको प्रयोग गरी सरकार र गैरआवासीय नेपालीले स्थापना गरेको कम्पनीको शेयरमा आवेदन दिनसक्ने प्रबन्ध गरिएको उनले जानकारी दिए ।

त्यसरी बिक्री गरिने शेयरमा आवेदन दिन सकिने न्यूनतम सीमा भने एक हजार कित्ता रहेको छ । शेयर खरिद गर्न चाहने गैरआवासीय नेपाली नागरिकले आफ्नो परिचयपत्र वा स्थायी लेखा नम्बर पेस गर्नुपर्नेछ ।

त्यस्तो कम्पनीको संस्थापकवा सर्वसाधारणका रुपमा लगानी गर्न सक्नेछन् । शेयरको कारोबार प्रणाली धितोपत्र बजारले व्यवस्थागरेबमोजिम हुनेछ । संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले धितोपत्र निष्काशन गर्दा शेयरको प्रत्याभूतिसम्बन्धी व्यवस्था भने लागू हुने छैन ।

गैरआवासीय नेपालीलाई पुँजी बजारमा लगानीको अवसर उपलब्ध गराउन सरकार र बोर्डको उच्च प्राथमिकता रहेको प्रवक्ता डा. अधिकारीको भनाइ छ ।

# विशिष्टीकृत सहकारीलाई स्थानीय उत्पादन बढाउन परिचालन गर्ने प्रदेश सरकारको योजना



बुटवल । लुम्बिनी प्रदेश सरकारले विशिष्टीकृत सहकारी संस्थाहरुलाई स्थानीय उत्पादनमा जोड्नेगरी परिचालन गर्ने भएको छ।

मुख्यमन्त्री चेतनारायण आचार्यले रुपन्देहीको तिलोत्तमामा लुम्बिनी विशिष्टीकृत सहकारी संस्था लिमिटेडले सञ्चालन गरेको दुग्ध तथा प्रशोधन उद्योगको शनिबार अवलोकन गर्दै स्थानीय उत्पादन बढाउन विशिष्टीकृत सहकारी संस्थालाई परिचालन गर्नेगरी सरकारले योजना बनाउने बताए।

'स्थानीय उत्पादन नबढ्दासम्म अर्थतन्त्र पनि बलियो हुन सक्दैन । आत्मनिर्भरताकालागि स्थानीय उत्पादन बढाउन जरुरी छ।

यो काममा विशिष्टीकृत सहकारी संस्थाहरुको भूमिका महत्वपूर्ण रहन्छ,' उनले भने-'दूध, मासु, खाद्यन्नलगायत स्थानीय उत्पादन बढाउन सहकारीलाई परिचालित गर्न जरुरी छ । आयातलाई घटाउँदै निर्यात बढाउने खालका उत्पादनमा लगानी बढाउन जरुरी छ।' विशिष्टीकृत सहकारी संस्थाले सञ्चालन गर्ने उद्यम तथा उद्योगको विकासको लागि प्रदेश सरकारले ऋण तथा उत्पादन प्रोत्साहन अनुदानकोलागि नीतिगत व्यवस्था गर्ने उनले बताए।

तिलोत्तमामा १४ करोडको लगानीमा उद्योग स्थापना भएको छ। यो उद्योगमा तीन लाख बढी किसान प्रत्यक्ष जोडिएका लुम्बिनी विशिष्टीकृत सहकारी संस्थाका कार्यवाहक अध्यक्ष ज्ञानु पौडेलले जानकारी दिइन । तिलोत्तमा नगरपालिका-६, पश्चिम पहुनीमा स्वचालित प्रविधि जडित डेरी उद्योग हालसालै स्थापना गरिएको हो। डेरी उद्योगले दुग्धजन्य पदार्थ उत्पादन सुरु गरेको छ।

# दुई सय ८५ जना कैदीबन्दीलाई 'प्यारोल'मा राख्न सिफारिस



काठमाडौँ । सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्डको शुक्रबारको बैठकले २८५ जना कैदीबन्दीलाई प्यारोलमा राख्न सिफारिस गरेको छ।

महान्यायाधिवक्ता रमेश वडालको अध्यक्षतामा भएको बैठकले कारगार व्यवस्थापन विभागबाट फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ दफा ३८ बमोजिम असल चालचलन भएका कैदीबन्दीलाई प्यारोलमा राख्न बोर्डसमक्ष प्रस्ताव पेस भएबमोजिम उक्त सिफारिस गरेको हो।

महान्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ता सूर्यराज दाहालका अनुसार प्यारोल भनेको असल चालचलन भएका कैदीबन्दीलाई जेल बाहिर बस्न दिइने कानुनी व्यवस्था हो।

उक्त ऐनअनुसार एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाईभन्दा बढी अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुदारलाई प्यारोलमा राख्न सकिने व्यवस्था छ । यो जेल बाहिर स्वतन्त्र समाजमा बस्ने छुट दिन सक्ने व्यवस्था हो, तर पूर्णरुपमा स्वतन्त्र भने हुँदैनन् । कसुरदारले तोकेको कैद सजायको दुईतिहाई अवधि भुक्तान गरेपछि बाँकी सजाय असल आचरणमा रही स्वतन्त्र समाजमा बसेर पूरा गर्न पाइन्छ। तर प्यारोलमा छुटेकाहरू पूर्ण रुपमा स्वतन्त्र हुने छैनन्।

उक्त ऐनले जन्मकैदको सजाय पाएका, भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, संगठित अपराध, सम्पत्ति शुद्धीकरण, यातना वा क्रुर वा अमानवीय व्यवहारसम्बन्धी कसुर, मानवताविरुद्धको अपराध र राज्यविरुद्धको अपराधमा सजाय पाएकाहरुलाई प्यारोलमा राख्न बन्देज लगाएको छ।

# तीन वर्षमै बिग्रियो माटो, ९० प्रतिशत अम्लीयपना

नवलपुर। नवलपुरको कावासोतीमा माटोको अम्लियपना अत्यधिक बढेको पाइएको छ । ३ वर्ष अगाडिसम्म राम्रो रहेको यहाँको माटोमा अहिले ७० देखि ९० प्रतिशतसम्म अम्लीयपना देखिएको छ। जसले गर्दा विस्तारै कृषि उत्पादनमा समेत ह्रास हुन थालेको छ।

प्राङ्गारिक तथा कम्पोष्ट मलको प्रयोगमा कमी अत्यधिक मात्रामा रासायनिक मलको प्रयोग तथा अम्लीय वर्षाका कारण नवलपुरको कावासोतीमा माटोमा अम्लीयपना बढेको हो । गाउँघरमा गाईवस्तुको चरिचरण क्षेत्रको अभाव हुँदा किसानले गाईवस्तु पाल्न छाड्नु र रासायिनक मलको प्रयोगले खेती योग्य जमिन अम्लीय बन्दै गएको हो।

माटोमा अम्लीयपना बढ्नाले तत्काल उत्पादनमा ह्रास नआए पनि निकट भविष्यमा उत्पादनमा ठूलो ह्रास आउने कावासोती नगरपालिकाका कृषि शाखा प्रमुख एवम् कृषि प्राविधिक शिवनारायण कुमालले बताए।

कावासोती वडा नं. ७ का सुरेन्द्र रेग्मीले तीन बिगाहाभन्दा बढी क्षेत्रफलमा व्यवसायिक कृषि गरिरहेका छन् । तर उही मात्रामा मलको प्रयोग गर्दा पनि निरन्तर उत्पादन घटिरहेको छ। कावासोती ८ का नवराज अधिकारीको समस्या पनि रेग्मीकै जस्तो छ। उनीहरुकै जस्तो समस्या नवलपुरको कावासोतीका हरेक किसानले भोगिरहेका छन्।

नवलपुरको कावासोती नगरपालिका र गण्डकी प्रदेश सरकारको माटो तथा मल प्रयोग शाला मिलेर कावासोतीमा ३ दिन लगाएर यहाँका कृषकहरुको माटो परीक्षण गरिएको थियो। शनिबारसम्म गरी ३ दिनमा करिब ५ सय जना किसानहरुको माटो परीक्षण गरिएको हो।

माटो परीक्षणमा गत ३ वर्ष अगाडि नवलपुरको माटो राम्रो देखिए पनि अहिले ७० देखि ९० प्रतिशतसम्म माटोमा अम्लीयपना भेटिएको गण्डकी प्रदेशको माटो तथा मल परीक्षण केन्द्र पोखराका प्राविधिक अधिकृत खुपराज बरालले बताए।

किसानले अत्यधिक मात्रामा रासायनिक मलको प्रयोग गर्नु, जलवायु परिवर्तनका कारण अम्लीय पानीको बर्षा हुनुलगायतका कारणले माटोमा अम्लीयपना बढेको अधिकृत बरालले बताए। बरालका अनुसार माटोको परीक्षण गरेपछि माटोको अवस्था हेरेर कृषि चुन छरेर माटोलाई तन्दुस्त बनाइनेछ । किसानले अज्ञानतावस नाइट्रोजनयुक्त मलको अत्याधिक प्रयोग गर्नु, विगतमा जस्तो गोरु र राँगाको सट्टा ट्र्याक्टरले खेतवारी जोत्नु, विषादीको प्रयोग गर्नु र अम्लीय वर्षाका कारण पनि माटोको उर्बराशक्तिमा ह्रास आएको हो । कावासोतीमा माटो परीक्षण गर्न छुटेकाको पोखरा लगेर भए पनि माटोको परीक्षण गरिने नगरपालिकाले जनाएको छ।

# चार महिनामा साढे चार खर्ब व्यापार घाटा




काठमाडौँ । चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चार महिनामा मुलुकले साढे चार खर्बभन्दा बढीको व्यापार घाटा व्यहोरेका छ।भन्सार विभागले सार्वजनिक गरेको चालु आवको कात्तिक मसान्तसम्मको वैदेशिक व्यापारको विवरणअनुसार यस अवधिमा रु पाँच खर्ब १३ अर्ब ३८ करोड ८० लाख बराबरको आयात र रु ५२ अर्ब ६७ करोड बराबरको निर्यात भएको हो । यसरी कूल रु पाँच खर्ब ६६ अर्ब पाँच करोड ६७ लाखको वैदेशिक व्यापारमा रु चार खर्ब ६० अर्ब ७१ करोड ७३ लाख घाटा देखिएको विभागले जनाएको छ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात शून्य दशमलव १७ र निर्यात चार दशमलव १६ प्रतिशतले बढेको छ। नेपालको सबैभन्दा ठूलो वैदेशिक व्यापार साझेदार भारतसँग मात्र चार महिनामा रु दुई खर्ब ८१ अर्ब ११ करोड ६६ लाख घाटा व्यहोरेको छ। कात्तिक मसान्तसम्ममा भारतबाट रु तीन खर्ब १६ अर्ब ८८ करोड ५३ लाख बराबरको वस्तु आयात हुँदा रु ३५ अर्ब ७६ करोड ८७ लाख बराबरको निर्यात भएको छ।

त्यस्तै नेपालको अर्को ठूलो वैदेशिक व्यापार हुने मुलुक चीनसँग रु एक खर्ब तीन अर्ब १८ करोड २५ लाखको आयात र रु ६८ करोड २३ लाख ७७ हजारको निर्यात हुँदा रु एक खर्ब दुई अर्ब ५० करोडको व्यापार घाटा देखिएको छ।

पहिलो चौमासिकमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा धेरै देखिएको छ। कात्तिक मसान्तसम्ममा रु २९ अर्ब चार करोड २० लाख बराबरको डिजेल, रु २१ अर्ब ५६ करोड २९ लाख बराबरको पेट्रोल र रु १८ अर्ब ८५ करोड ९३ लाख बराबरको एलपी ग्यास आयात भएको छ। त्यस्तै रु १५ अर्ब ९६ करोड ९२ लाख बराबरको फलामजन्य वस्तु, रु १३ अर्ब ४० करोड ४८ लाख बराबरको स्मार्टफोन आयात भएको विभागको तथ्याङ्कबाट देखिन्छ।

बढी निर्यात भएका वस्तुमा भने कार्पेट पहिलो स्थानमा देखिएको छ। चार महिनामा रु तीन अर्ब ६० करोड आठ लाख बराबरको कार्पेट निर्यात भएको छ। त्यस्तै सोयाबिन तेल रु तीन अर्ब ४१ करोड, चिया रु दुई अर्ब २१ करोड र अलैंची रु एक अर्ब ९० करोड बराबरको निर्यात भएको छ।

# शुभ मिलन सहकारीको साधारणसभा सम्पन्न



बुटवल । रुपन्देहीको बुटवल उप-महानगर वडा नं ८ सुक्खानगरमा अवस्थित शुभ मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७औं वार्षिक साधारणसभा शनिबार बुटवलमा सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष रुद्रप्रसाद ज्ञवालीको अध्यक्षतामा सम्पन्न सधारणसभामा बोल्दै बुटवल उप-महानगरका सहकारी शाखा प्रमुख, अधिकृत गुणाखर खानालले अहिले विभिन्न स्थानमा सहकारीमा विकृति देखिएता पनि बुटवल उप-महानगरपालिका मातहतमा चलेका १ सय ३३ सहकारीको अवस्था राम्रो रहेको बताए।

उनले संघ र प्रदेश मातहतका सहकारीहरूमा विकृति बढी देखिएको बताए । उक्त सहकारी सानो भएता पनि बचत र लगानीका हिसाबले उत्कृष्ट रहेकोमा सञ्चालक तथा सदस्यहरुलाई बधाई तथा शुभकामना दिए।

उनले सहकारीमा सदस्यता लिँदा आगन्तुकहरू सञ्चालक नभएको स्थानीयहरू नै सञ्चालक रहेको सहकारीमा बुझेर मात्र सदस्यता लिन आग्रह गरे।

उनले सहकारी राम्रो बनाउन सदस्यहरु व्यवस्थापन र सञ्चालकको समन्वय र पारदर्शिता आवश्यक रहेको बताए।

सहकारीका अध्यक्ष रुद्रप्रसाद ज्ञवालीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै मुलुकको तीनखम्बे अर्थनीतिअन्तर्गतको एक खम्बा सहकारी मानिएको र राष्ट्रको एक खम्बाले राष्ट्रको दिगो विकास र हरेक नागरिकको विकासको पहुँच पुऱ्याउन र सामाजिक रूपान्तरणका लागि सहकारी भरपर्दो माध्यम मानिएकाले आफू सही अनुरूप सहकारीका गतिविधि गरिरहेको बताए।

उनले २५ जना व्यक्तिबाट ५ सय सदस्यता शुल्क लिइ, २०६४ सालमा स्थापना गरेको संस्था अहिले २ सय ३० सदस्य संख्या रहेको बताए।

संस्थाको बचत निक्षेप २ करोड २३ लाख ८५ हजार ९ सय ९५ रहेको छ। सेयर पुँजी ६७ लाख ३२ हजार र ऋण लगानी २ करोड २६ लाख ८६ हजार ५सय ७ रहेको बताए । आगामी समयमा सदस्य संख्या बढाउने र पुँजी बढाउन आफू लागिरहेको बताए । कार्यक्रममा बोल्दै संस्थाका उपाध्यक्ष तथा बुटवल उपमहानगर वार्ड नम्बर ८ का वडा सदस्य हरिहर ज्ञवालीले आफूले बुटवलका अन्य सहकारीको बारेमा जानकार रहेको र शुभ मिलन सहकारीका सूचकाङ्क सकारात्मक रहेकोले सम्पूर्ण सदस्यहरुले आफूले सक्दो सेयर सदस्य संख्या बढाउनेतर्फ लाग्न आग्रह गरे।

सहकारीले हरेक साधारण सभामा सेयर सदस्यका सन्ततिहरुमध्ये अध्ययनमा उत्कृष्ट हुने सन्ततिलाई सम्मान गर्ने गरेको छ । सोही अनुरुप सेयर सदस्य सन्तति अदिति अधिकारीलाई सम्मान गरिएको छ। साथै संस्थाले समय समयमा निःशुल्क स्वास्थ्य शिविर जस्ता सामाजिक कामहरू पनि गर्दै आएको छ।

संस्थाका सचिव श्यामप्रसाद राजभण्डारीले सञ्चालन गरेको कार्यक्रममा कोषाध्यक्ष अमृता कार्की पौडेलको वार्षिक आर्थिक प्रतिवेदन सर्वसम्मत पारित भएको थियो।कार्यक्रममा संस्थाका सल्लाहकार योगप्रसाद श्रेष्ठ, सेयर सदस्यको तर्फबाट मीना ज्ञवाली र किसन कुँवरले सहकारीका सूचकाङ्क सकारात्मक रहेकोमा सदस्यता वृद्धि गर्न सबै लाग्नुपर्ने बताए।

कार्यक्रममा व्यवस्थापक संगीता पोखरेलले संस्थामा समय दिन नसक्ने भएकाले ससम्मान बिदाई गरिएको थियो।

# प्लाष्टिक मुक्त नगरपालिका बनाउन फोहोर व्यवस्थापन



देवदह। प्लाष्टिक मुक्त नगरपालिका बनाउन फोहोर व्यवस्थापन गर्न आवश्यक रहेको देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले बताएका छन् । उनले नगरपालिकाले अगाडि सारेको फोहोर व्यवस्थापनको योजना सफल बनाउन खानेपानी संस्थाहरुले सहयोग गर्न आवश्यक रहेको औल्याए।

केरवानी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था देवदह-१, को सातौ वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले फोहोर व्यवस्थापनमा चुनौती रहेको बताए। नगरप्रमुख खरेलले फोहोर व्यवस्थापनको लागि नगरपालिकाले पहिलो चरणमा वर्गीकरणको अभियान सञ्चालन गरिरहेको बताए।

उनले देवदह क्षेत्रको खानेपानी समस्या समाधान गर्नको लागि पाल्पाको झुम्सा खोलाबाट पानी ल्याउने गरी योजना अगाडि सारेको जनाए।

नगर प्रमुख खरेलले राष्ट्रिय आवास कम्पनीको जग्गामा रहेका नागरिकलाई लालपुर्जा वितरण गर्ने गरी नगरपालिकाले राष्ट्रिय आवास कम्पनीसँग पहल गरिरहेको जानकारी दिए। केरवानी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका अध्यक्ष बोधराज गौडेलको अध्यक्षतामा भएको कार्यक्रममा देवदह नगरपालिका-१, का दिपकप्रसाद नेपाल, २, का वडाअध्यक्ष दलबहादुर राकासकोटी, संस्थाका संस्थापक अध्यक्ष प्रजापति सापकोटा, पूर्वअध्यक्ष कालुराम थापा, मायादेवी खानेपानी संस्थाका अध्यक्ष चक्रपानी तिवारी, देवदह आर्दश बहुमुखी क्याम्पसका अध्यक्ष बासुदेव रिमाललगायतले बोल्दै स्वच्छ तथा शुद्ध खानेपानी व्यवस्थापनको लागि सवै लाग्नु पर्नेमा जोड दिएका थिए।

कार्यक्रममा अध्यक्ष गौडेलले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष घनश्या डुम्रेले आर्थिक प्रतिवेदन, सचिव दिपक नेपालले प्रगति प्रतिवेदन, लेखा संयोजक साज मोहम्मदले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा उत्कृष्ट कर्मचारीको रुपमा प्लम्बर जितेन्द्र मल्ललाई नगरसहित सम्मान गरिएको थियो।

साधारण सभामा प्लाष्टिक मुक्त क्षेत्र बनाउनको लागि वातावरण मैत्री कपडाको झोला वितरण गरिएको थियो। संस्थाका उपाध्यक्ष गीता भण्डारीको स्वागत र सचिव दिपक नेपालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

**अन्तर्राष्ट्रिय....**

यसैगरी सिद्धार्थनगर नगरप्रमुख इस्तियाक मोहम्द खानले गौतमबुद्ध विमानस्थल सञ्चालनका लागि योजना बनिरहेको बताए। विश्वका बौद्धमार्गीहरूलाई लुम्बिनी ल्याउने गरी वातावरण बनाउन सके नियमित उडान गर्न सकिने बताए।

कार्यक्रममा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले ५ वटा विमान कम्पनीहरुले नियमित उडान गरिरहेको जनाए । उनका अनुसार अहिलेसम्म २ हजार ५९३ जना यात्रुले आवत-जावत गरेको र ३ हजार २५ यात्रुहरुले ट्राजिन्ट गरेका छन् । उक्त अन्तर्क्रियामा नेपाल उद्योग वाणिज्य संघ लुम्बिनीका उपाध्यक्ष कुलप्रसाद न्यौपाने, सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ, पूर्व अध्यक्ष महेन्द्रकुमार श्रेष्ठ, सिद्धार्थ होटल एसोसिएशनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ, नाट्टा लुम्बिनीका अध्यक्ष चन्द्र थापा, तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्की, ट्राभल व्यवसायी सञ्जय बजिमय, लुम्बिनी होटल व्यवसायी संघका महासचिव पुरूषोत्तम अर्याल, सिद्धार्थ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष नेत्रप्रसाद आचार्य, महासचिव कृष्णप्रसाद घिमिरेलगायतले विमानस्थलका अत्यावश्यक कार्यालयहरु स्थापना नभएकाले दिगो सञ्चालनमा आशंका गर्दै मन्त्रीको ध्यानाकर्षण गराएका थिए । गौतमबुद्ध विमानस्थलबाट कार्तिक २३ देखि ५ वटा एअरलाइन्सले अन्तर्राष्ट्रिय उडान सुरु गरेका छन्।

**बाढीले...**

भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपुरका कार्यालय प्रमुख डा. शर्मिला कुमालले क्षतिको तथ्यांक संकलन गरी प्रदेश सरकार मत्स्य विकास निर्देशनालयमा पठाएको र छिट्टै क्षतिपूर्ति आउने बताइन। उनका अनुसार बढीमा एक कृषकलाई ३ लाख बराबरको राहत रकम उपलब्ध हुने छ।

उक्त राहत रकमबाट कृषकले माछाका भुरा हाल्न तथा पोखरीमा बाढीले भत्किएको संरचनाहरु बनाउन सक्नेछन् । नवलपुर माछाका लागि आत्मनिर्भर भएको छ। त्यति मात्र होइन चितवन, नारायणगढ, बुटवल, काठमाडौंलगायतका क्षेत्रमा पनि निर्यात हुने गर्दछ।नवलपुरमा २ सय बढी व्यवसायिक माछा पालक किसान रहेका छन् भने १ सय ४२ हेक्टर क्षेत्रफलमा माछा पोखरी रहेको छन्। नवलपुर जिल्लामा ९ सय ९४ मेट्रिक टन माछा उत्पादन हुने गरेको भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपुरका मत्स्य विकास अधिकृत सन्दीप लामिछानेले बताए।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# बुटवलका नगर प्रहरीले किन जगल्ट्याए युवालाई...?



*नक्कली कागजात बनाएर माग्दै हिँडेका दुई व्यक्तिलाई प्रहरीमा बुझाउन जाने क्रममा बुटवलका नगर प्रहरीले सैनामैना मुर्गियाका सुजन चापागाईंलाई बुटवल बसपार्क नजिक कुटपिट गरेको चापागाईले गुनासो गरेका छन् । बुबा बिरामी भएर प्रादेशिक अस्पताल आएका उनलाई पैदल हिँडिरहेका बेला तीन जना नगर प्रहरीले कपाल जगल्टाएर टाउकोमा र हात खुट्टामा लाठीले हिर्काएको चापागाईंको दाबी छ । नगर प्रहरीको कुटपिटले आफूले मानसिक यातना भोगेको उनको गुनासो छ । बुटवलको मुटु अस्पताल अगाडि रातिमा चिया बेच्दै आएका सुजनले अरुमाथि यस्तो हातपात र कुटपिट बन्द गर्न माग गरेका छन् ।*

# 'एमालेको सभाले व्यापारीलाई करोडौंको क्षति'



काठमाडौं । नेकपा (एमाले) ले शुक्रबार आयोजना गरेको जागरण सभाका कारण दरबारमार्ग क्षेत्रका विभिन्न व्यापार व्यवसायले करोडौंको क्षति व्यहोर्नुपरेको जनाएका छन् । दरबारमार्ग विकास बोर्डका अध्यक्ष सन्जिव तुलाधरका अनुसार एमालेको प्रदर्शन र सभाका कारण शुक्रबार त्यहाँ सञ्चालित अति सामान्यदेखि उच्च लगानीका सबै व्यवसाय ठप्पप्रायः हुन पुग्यो । जसले गर्दा पाँच करोडभन्दा माथिको व्यापारिक कारोबारमा असर गर्न पुगेको उनले गुनासो गरेका छन् ।

'हामीले एमालेका नेताहरूलाई यहाँ कार्यक्रम नगरिदिनुस् भनेर धेरैचोटि अनुरोध गरेका थियौं, तर उहाँहरुले मान्दै मान्नुभएन ।'- तुलाधरले भने । दिउँसोको कार्यक्रमका लागि बिहानैदेखि ट्राफिक डाइभर्सन गरिँदा विभिन्न व्यवसाका ग्राहकदेखि ती व्यवसायमा आश्रित कामदार र व्यवसायीसमेत मारमा परेको उनी बताउँछन् ।

'राष्ट्रिय दिवस मनाउने भनेर असोजमा कन्सर्ट गर्ने कुरा आयो, हामीले देशको महत्वपूर्ण कार्यक्रम हुनुपर्छ भनेर सक्दो सहयोग नै गरेका थियौँ, त्यसमा नाफा घाटा हेर्ने कुरा भएन' उनले भने-'तर, पार्टीपिच्छेका कार्यक्रमका लागि दरबारमार्गजस्तो व्यापारिक क्षेत्र ठप्प पार्ने काम प्रधानमन्त्रीज्यूकै पार्टीले गर्नुहुँदैन थियो ।'

एमाले सभाकै कारण दरबारमार्गमा अन्य शुक्रबार हुने गरेको व्यापार यो शुक्रबार करिब ७० प्रतिशतले घाटामा गएको सेकुवा बाई किलो रेस्टुरेण्टका सञ्चालक रोहित किङरिङ मगरले बताए । 'दिउँसो त बोहनी समेत भएन, राति मान्छे आए, तर नियमित खर्च पनि कभर भएन ।'- उनले भने । एमालेको दिउँसोको कार्यक्रमलाई दृष्टिगत गर्दै प्रहरीले शुक्रबार बिहान ६ बजेदेखि नै कमलादी, जमल, जय नेपाल रोड र केशरमहलबाट त्यहाँ प्रवेश गर्ने नाका बन्द गरेको थियो । बेलुकी ६ बजे बाटो खोलियो, तर ग्राहक अन्यत्र गएका कारण रातिको व्यापारसमेत सुनसान भएको ट्री हाउस क्याफेका सञ्चालक राजु पुरीले बताए ।

सत्तारुढ नेकपा एमालेले शुक्रबार काठमाडौंमा जागरण सभा गरेको थियो । देशमा केही भएको छैन भन्ने भाष्य बनाउँदै अराजकतावादीले निरासा छर्न खोजेको ठहरसहित सुशासन, मुलुकको समृद्धि र सुदृढ लोकतन्त्रको सन्देशका लागि भन्दै एमालेले दरवारमार्ग क्षेत्र ठप्प बनाएर शक्ति प्रदर्शन गरेको थियो ।

# चौथौ सुनवल महोत्सव हुँदै




**केशव पराजुली**

*नवलपरासी*

पश्चिम नवलपरासीको सुनवलमा चौथौ सुनवल महोत्सव हुने भएको छ । उद्योग वाणिज्य संघ सुनवलले मंसिर १२ गतेदेखि २४ गतेसम्म महोत्सव गर्न लागेको हो ।

कृषि, उद्योग, व्यपार, कला र संस्कृति समग्र सुनवलको उन्नति भन्ने मूल नाराका साथ महोत्सव गर्न लागेको संघका महासचिव तेजप्रसाद भन्डारीले बताए । महोत्सवमा आकर्षण सेल्फीजोन, कालात्मक प्रवेश गेट, विभिन्न जनजातिका घर र खानाका प्ररिकार रहने संघका अध्यक्ष रमेश कर्माचायले बताएका छन् ।

महोत्सवका लागि १ सय ५५ स्टलहरु बुक भएको र बाल उद्यम लगायतका काम भैरहेको संघले जनाएको छ । सुनवल नगरपालिकालाई कृषि, पर्यटन र औद्योगिक नगरका रुपमा परिचित गराउने र धार्मीक, ऐतिहासीक, सांस्कृतिक, पर्यटन तथा जैविक विविधताको संरक्षण गर्ने महोत्सवको लक्ष्य रहेको छ । नयाँ उत्पादनको पहिचान एवं उपभोक्ता वर्गलाई मुलुक भित्र किनमेल गर्ने बानीको विकास गराउने महोत्सवको लक्ष्य रहेको छ । उत्पादन र उपभोक्तासँग प्रत्यक्ष सरोकार राख्ने संघको प्रयासलाई निरन्तरता दिइने संघको पहल रहने बताइएको छ ।

पश्चिम नवलपरासीको पूर्व पश्चिम राजमार्गको सोमनाथमा महोत्सव लगाइने छ । महोत्सवको समय नजिकिँदै गर्दा काममा तीब्रता दिइएको छ । विभिन्न उप-समितिहरु आ-आफ्ना काममा लागेका छन् । आकर्षण सेल्फी जोनको तयारी, कलात्मक गेट निर्माण, बाल उद्यान, विभिन्न जाति, जनजातिका घर निर्माणलाई तिब्रता दिइएको छ ।

बढीभन्दा बढी दर्शक महोत्सवमा ल्याउनका लागि प्रचारप्रसार र दर्शकको आकर्षणका लागि ख्याती प्राप्त कलाकारहरुको खोजी भैरहेको बताइएको छ । महोत्सवमा स्थानीय कला, स्थानीय उत्पादनलाई प्राथमिकता दिइने मेला आयोजक मूल समितिले जनाएको छ । महोत्सवलाई सफल बनाउन मूल समितिलगायत उप- समितिहरु सकृय रुपमा क्रियासिल रहेका छन् ।

# रूपन्देहीमा ४ महिनामा ४५ जनामा कुष्ठ रोग

**मोहम्मद हबिब**

*भैरहवा*

राष्ट्रिय कुष्ठरोग रणनीति २०७८/२०८२ ले कुष्ठ रोग मुक्त नेपाल बनाउने दष्टिकोण राखे पनि रुपन्देहीमा गत आर्थिक वर्षमा १ सय ६० जना कुष्ठ रोगका बिरामी भेटिएका छन् ।

नेपालमा कुष्ठरोग निवारण भएको १२ वर्ष भए पनि रुपन्देहीमा कृष्ठरोग निवारण भएको छैन । स्वास्थ्य कार्यालय रुपन्देहीले दिएको तथ्याङ्कअनुसार पछिल्लो ४ महिनामा रुपन्देहीमा ४५ जनामा कुष्ठरोग देखिएको छ । कृष्ठरोग मुक्त राष्ट्र घोषणा गरे पनि नेपालका तराई जिल्लामा कुष्ठप्रभावितको संख्यामा भने कमी आएको छैन ।

आर्थिक वर्ष २०७८/०७९ मा रुपन्देहीमा १६५ जना, २०७९/८० मा १४० जनामा पुष्टि भई बिरामीले उपचार पाइरहेको स्वास्थ्य कार्यालय रुपन्देहीका कुष्ठरोग निरीक्षक टिकाराम अधिकारीले बताए । अधिकारीका अनुसार रुपन्देहीमा यस आवको पहिलो चौमासिकमा मात्रै ४५ जनामा रोग पुष्टि भएको छ । रुपन्देहीको बुटवल उप-महानगरपालिकामा ४, देवदह नगरपालिकामा २, सैनामैनामा २ जना, कञ्चनमा १, गैँडहवामा १, शुद्धोधनमा ७, सियारीमा १, तिलोत्तमामा २, ओमसतियामा ३, रोहिणीमा ८, सिद्धार्थनगरमा ५, मायादेवीमा ५, लुम्बिनीमा २, कोटहीमाईमा १ र मर्चवारीमा १ जना नयाँ बिरामी थपिएका छन् । पछिल्लो तथ्याङ्कअनुसार रुपन्देहीका समरीमाई गाउँपालिकामा मात्र कुष्ठ रोग निवारण भएको देखिन्छ ।

नेपालमा ६ वर्षदेखि द लेप्रोसी मिसन नेपालले परियोजनामार्फत् कुष्ठरोगमै सम्बन्धित रहेर काम गर्दै आएको छ । रुपन्देहीमा २ वर्षदेखि यो परयोजनाले स्वास्थ्य कार्यालय र थानीयसँग मिलेर काम गर्दै आएको परियोजनाकी सीता आलेले बताइन । उनले सरोकारवालाई कुष्ठरोगसम्बन्धी तालिम, सेन्सर उपकरण वितरणलगायतको काम गरेको बताइन । शुक्रबार



रुपन्देहीको मायादेवी, सिद्धार्थनगर, ओमसतिया र रोहिणीका सरोकारवाला निकाय स्वास्थ्य शाखा, शिक्षक, स्वास्थ्यकर्मी, पत्रकार, समूह तथा सहकारीको सहभागितामा कृष्ठरोग सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया गरिएको छ ।

पछिल्लो समयमा कुष्ठरोगको प्रभाव बच्चा र महिलामा बढी भएको देखिएकोले अन्य रोगभन्दा उपेक्षामा परेको रोगका कारण यसको निवारण हुन नसकेको पाइएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार कुष्ठरोग पत्ता लगाउन ढिलाइ, बच्चाहरुमा कुष्ठरोग देखिरहनु, समाजमा कुष्ठ रोगप्रति कलंक र भेदभाव, सरोकारवालाहरुबाट रोगप्रति कम प्राथमिकता, सीमित क्षमता र कुष्ठ रोग विशेषज्ञतालगायतको चुनौती रहेको जनस्वास्थ्यक निरीक्षक रिसभ श्रेष्ठले बताए ।

१० वर्ष पहिले २०६६ माघमा नेपालमा कुष्ठरोग निवारण भएको घोषणा भएको थियो । प्रति १० हजार जनसंख्यामा १ भन्दा कम हुनुलाई निवारण भनिन्छ । कुष्ठ रोग मानिसको छाला र स्नायुमा प्रभाव पार्ने रोग हो । कुष्ठ रोग आँखाले देख्न नसकिने लेप्रे नामक शुष्म किटाणुबाट सर्ने गर्छ । छाला र स्नायुमा असर गर्ने यो रोगले छालामा रातो तथा हल्का फुस्रो रंगको दाग देखा पर्ने, अनुहारमा छाला बाक्लो हुने , गिर्खाहरु देखा पर्ने तथा स्नायुमा असर गर्दा हातगोडामा छुँदा थाहा नपाउने साथै मांशपेशीहरु कमजोर हुने लक्षण देखिन्छ । कुष्ठ रोगको खोप अझैँसम्म नबने पनि सीमित औषधिको प्रयोगले पहिलो र दोस्रो चरणको कुष्ठ रोगलाई नियन्त्रण गर्न सकिन्छ । यो रोगको उपचार सरकारले निःशुल्क रुपमा सबै सरकारी स्वास्थ्य निकायमा गर्ने गरेको छ ।










सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com